१६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१६ ।। अङ्क : ५४ ॥ २०८० चैत्र १७ गते शनिबार (30th Mar 2024 Saturday) **Pratidin** National Daily मूल्य–रु.५/–

# झापामा बढ्यो मासलाइटको माग



झापा(प्रस) । धेरै प्रकाश फ्याल्ने मासलाइटको माग झापामा बढेको छ ।
गत कात्तिक महिनामा नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रको परिसरमा जडान गरिएको मासलाइट प्रभावकारी देखिएपछि जिल्लाका विभिन्न पालिकाहरुमा यसको माग बढेको हो । अहिलेसम्म बिर्तामोडको पाँच स्थानमा मासलाइट जडान गरिसकिएको छ । बिर्तामोडको बसपार्क क्षेत्रमा दुईवटा, मुक्तिचौकमा एउटा मासलाइट जडान गरिएको छ भने बिर्तामोड ३ को बिर्ताबजार र सैनिकमोडमा एक-एकवटा मासलाइट जडान गरिएको अनारमनी वितरण केन्द्रले जनाएको छ । बिर्तामोडको मुक्तिचौकमा मासलाइट जडान गर्न एक्सेल डेभलपमेन्ट बैंकले सहयोग गरेको थियो भने बसपार्कमा बसपार्क व्यवस्थापन समितिकै पहलमा दुईवटा लाइट जोडिएको हो । त्यस्तै बिर्तामोड ३ मा सम्बन्धित वडा कार्यालयको पहलमा लाइट जडान गरिएको छ । लाइट जडान गर्नका लागि ४ वटा पोल नेपाल विद्युत प्राधिकरणले उपलव्ध गराएको र एउटा पोल बिर्तामोडको ३ नं वडा कार्यालयले आफै खरिद गरेको अनारमनी वितरण केन्द्रका प्रमुख संजीवकुमार शाहले बताए ।
उनले अनारमनी वितरण केन्द्रमा मासलाइटको लागि करिव २५ वटा निवेदन परेको जानकारी दिए । बिर्तामोडसंगै कन्काई नगरपालिका , झापा गाउँपालिका , हल्दिवारी गाउँपालिका , बाह्रदशी गाउँपालिकाबाट समेत मासलाइटको माग भइरहेको उनले बताए । ठूलो क्षमतामा उज्यालो फ्याल्ने हुँदा शान्ति सुरक्षा र रात्रिकालीन बजारका लागि मासलाइट अत्यन्त उपयोगी देखिएको छ । उपयोगी र आवश्यकीय देखेर आफूहरुले शुरुमा बिर्ताबजारमा पोल खरिद गरेर १ लाख ३० हजारमा मासलाइट जडान गरेको बिर्तामोड ३ का वडाध्यक्ष मदन बुढाथोकीले बताए । उनले त्यसपछि सैनिकमोडका लागि प्राधिकरणले पोल निःशुल्क दिँदा ७० हजार रुपैयाँ खर्च भएको जानकारी दिए । सैनिकमोडको मेची आँखा अस्पतालअगाडि पनि आवश्यक देखिएकाले थप मासलाइटको लागि पहल भइरहेको उनले जानकारी दिए ।

उज्यालो बिर्तामोड बनाउने अभियान

रात्रिकालीन बजार संचालन गर्ने उद्धेश्य राखेको बिर्तामोड उद्योग वाणिज्य संघले त्यसलाई लक्षित गरी उज्यालो बिर्तामोड बनाउने अभियान शुरु गर्ने भएको छ । अँध्यारोका कारण साँझ ६ बजे नै व्यवसायीहरुले व्यापार व्यवसाय बन्द गर्नुपर्ने अबस्थालाई मध्यनजर गरी बिर्तामोडका विभिन्न ठाउँमा मासलाइट जडान गर्ने पहल भइरहेको बिर्तामोड उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष राजु न्यौपानेले बताए ।

उनले सोलार बत्तीलाई प्रतिष्थापन गरी त्यस ठाउँमा मासलाइट राख्न नगरपालिका , वडा कार्यालय र प्राधिकरणसंग छलफल भइरहेको जानकारी दिए । बिर्तामोडमा करिव ७ वर्षअघि जडान भएका अधिकांश सोलार वत्ती कामै नलाग्ने गरी बिग्रिसकेका छन् । ‘ हामीहरुले बिग्रिसकेको सोलार बत्तीको ठाउँमा मासलाइट राख्नका लागि केही दिनअघि बजार अनुगमन गरेका थियौं’ न्यौपानेले भने,‘ मासलाइटका लागि नगरपालिकासंग पनि छलफल हुँदैछ ।’

मासलाइटका लागि चाहिने तार प्राधिकरणले दिने र बिजुलीको महशुल छेउको व्यवसायी वा व्यावसायिक प्रतिष्ठानले बुझाउनेगरी छलफल भइरहेको न्यौपानेको भनाई छ । सडक विस्तार भइरहेकाले सडकबाट उखेलिने पोल मासलाइटका लागि निःशुल्क वितरण गर्न सकिने वितरण केन्द्र प्रमुख शाहले बताए ।

# पूर्वीनाकामा ११ अर्ब ५२ करोडबढी व्यापार घाटा




• **लक्ष्मी उप्रेती,**
मेचीनगर । मुलुकले वैदेशिक व्यापारलाई सन्तुलनमा राख्न नसक्दा प्रत्येक वर्ष व्यापार घाटा चुलिँदो छ ।नेपालको पूर्वीनाका काँकरभिट्टा भएर नेपाल र भारतबीच हुने व्यापार हरेक वर्ष भारतको पक्षमा मजबुत छ । निर्यातभन्दा आयात बढी भएका कारण यी दुई देशबीच हुने व्यापार भारतको पक्षमा दर्विलो छ । भारतसँग बढी भर परेको नेपालसँगको आयात निर्यात व्यापार असन्तुलन हुँदा यो घाटा बढिरहेको अर्थविदहरुको भनाई छ।

चालु आर्थिक वर्ष २०८०-०८१ को पहिलो आठ महिनामा नेपालको पूर्वीनाका काँकरभिट्टा भएर भारतसँग हुने व्यापारमा ११ अर्ब रुपैयाँभन्दा बढीको घाटा व्हेर्नु परेको छ । सीमानाकामा रहेको भन्सार विन्दु मेची भन्सार कार्यालय काँकरभिट्टाका अनुसार चालु आर्थिक वर्ष २०८०-०८१ को साउनदेखि फागुन अन्त्यसम्म यो नाका भएर यी दुई देशबीच हुने व्यापारका क्रममा नेपालले ११ अर्ब ५२ करोड ५ लाख ९१ हजार रुपैयाँ घाटा व्यहोरिसकेको हो ।

यो अवधिमा नेपालले १६ अर्ब ६८ करोड ५७ लाख ८४ हजार रुपैयाँ मूल्य बराबरको मालवस्तु निर्यात गर्दा २८ अर्ब २० करोड ६३ लाख ७५ हजार रुपैयाँ मूल्य बराबरका मालवस्तु आयात भएको प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीले जानकारी दिए । निर्यातको तुलनामा आयात हेर्दा ४० दशमलव ८४ प्रतिशत व्यापार घाटा नेपालले सहनु परेको छ । अघिल्लो आव २०७९-०८० को यहि अवधिमा नेपालले ५३ दशमलव ५६ प्रतिशत व्यापार घाटा व्हेरेको थियो । त्यो अवधिमा ३१ अर्ब २६ करोड ५१ लाख १३ हजार रुपैयाँ बराबरका सामान नेपालले आयात गरेकोमा १४ अर्ब ५१ करोड ८५ लाख ५७ हजार रुपैयाँ मूल्य बराबरका मात्र मालवस्तु भारत पठाउन सकेको थियो । जुन १६ अर्ब ७४ करोड ६५ लाख ५६ हजार रुपैयाँ मूल्य बराबरको घाटा हो । गत आवको आठ महिनाको तुलनामा चालु आवको आठ महिनामा ९ दशमलव ७८ प्रतिशत अर्थात ३ अर्ब ५८ करोड ७३ लाख८ हजार रुपैयाँ व्यापार घाटा भएको सरकारी अभिलेख छ । निर्यात भने १४ दशमलव ९३ प्रतिशतले बृद्धि भएर १६ अर्ब ६८ करोड ५७ लाख ८४ हजार रुपैयाँ पुगेको छ ।

भन्सार विभागका अनुसार केही वर्ष अघिसम्म ३ सय १७ प्रकारका कृषिवस्तु मात्र भारत निर्यात हुने गरेकोमा हिजोआज २ सयभन्दा कम वटा मात्रै मालवस्तु निर्यात हुने गरेको छ । उता व्यवसायीहरुले भने उत्पादन नै कम हुँदै गएकाले नेपालबाट निर्यात घटेको दाबी गरिरहेका छन् । विभागका अनुसार १६ वर्षअघि नेपालले भारतलाई ३० लाख रुपैयाँ मूल्य बराबरको ताजा फूल बिक्री गरेको भए पनि त्यसपछिदेखि निर्यात ठप्पझैं छ । चालु आवको आठ महिनामा १३ करोड रुपैयाँ मूल्य बराबरको ताजा फूल नेपालले ल्याएको छ । यसैगरी, १६ वर्षअघि नेपालले नै २० करोड रुपैयाँभन्दा बढीको चोकर भूस भारत पठाएकोमा चालु आवको साउनयता ५५ करोड रुपैयाँ बराबरको भुस चोकर भारतबाट ल्याएको विभागले जनाएको छ । सरकारले सबैभन्दा पहिला निकासी बढाउने र आयातलाई सन्तुलनमा राख्ने बताए पनि मुलुकमा अहिले यसको ठिक उल्टो भएको अर्थशास्त्रका प्राध्यापक धर्मानन्द शर्माको भनाई छ ।
व्यापार घाटा कम गर्न सरकारले निर्यात बढाउने नीति र योजना बनाएर काम गर्न सक्नुपर्ने उनको सुझाव छ । निर्यात बढाउने योजनाबद्ध कार्यक्रम नहुँदा मुलुकको अर्थतन्त्र अप्ठेरोमा परेको र सरकार अब तत्कालै गम्भीर भएर नलाग्ने हो भने अन्य मुलुकसँगको पनि व्यापार घाटा बढ्ने उनको बुझाई छ । ‘निर्यातयोग्य वस्तुको छुट्टाछुट्टै नीति बनाएर वैदेशिक व्यापारलाई सन्तुलनमा राख्न गर्नुपर्ने पहिलो काम उत्पादन क्षमता वृद्धि गर्नु नै हो ’ उनले भने,‘मुलुकभित्र वस्तु उत्पादन नगर्दासम्म निर्यात बढाउन सकिँदैन ।’ भारतसँगको निर्यात व्यापारमा अहिलेको मुख्य समस्यामध्ये गैरभन्सार अवरोध पनि भएको व्यवसायीहरुको बुझाई छ। निर्यात सम्भावना बोकेका विभिन्न वस्तुलाई भारत निकासीमा बेला बेलामा हुने अवरोधले समस्या गर्दै आएको उनीहरुको भनाई छ । अदुवा, चिया, वनस्पति घिउ जस्ता निर्यातका सम्भावना बोकेका उत्पादन भारत निकासी गर्न सहज नभएको नाकामा देखिएको अवरोधले प्रष्ट भएको एकजना व्यवसायीको भनाई छ ।

मुलुक कृषि क्षेत्रमा यति धेरै निर्भर हुँदाहुँदै पनि यो आकर्षक पेशाको रुपमा आउन नसकेको भन्दैं कृषिकर्ममा क्रियाशील रामनन्द ठाकुर कृषिलाई आकर्षक पेशाका रुपमा अघि बढाउन सरकारले योजनाबद्ध काम गर्नुपर्ने धारणा राख्छन् । परम्परागत उत्पादनलाई व्यावसायिक र प्रविधियुक्त बनाउन आवश्यक छ । मुलुकमा परम्परागत रुपमा चल्दै आएको उत्पादनभन्दा पनि उच्च मूल्यका कृषिजन्य उत्पादन बढाउनुपर्ने उनको सुझाव छ ।

काँकरभिट्टा नाका हुँदै अत्यधिक मात्रामा पेट्रोलियम पदार्थ ( डिजल, पेट्रोल, खाना पकाउने एलपी ग्यास,हवाई इन्धन, मट्टितेल) तयारी पोशाक, सुपारी, सिमेन्ट क्लिङ्कर,सुती कपडा, खरानी स्ल्याग, चामल तथा कनिका, ग्लेज टाइल, लुब्रिकेटीङ्ग आयल मोबिल, मोटरका ब्याट्री, प्लास्टिकका प्याक गर्ने सामानलगायतका विभिन्न सामग्री भारत तथा तेस्रो मुलुकबाट पैठारी भई आउने गरेका छन् । मुसुरो दाल, भेनियर सिट, चोकर भुस, आलस, चिया, खयर कत्था, जडिबुटी, फलामे संरचनाहरु, अदुवा, सुठो, सुंगुर, बेतताड, प्लाइउड, क्राफ्ट पेपरलगायतका वस्तुहरु नेपालबाट भारत तथा समुन्द्रपार निकासी हुने गरेका छन् ।

# एमाले जिल्ला अध्यक्षमा गिरी , ढुंगेललाई प्रदेशमा



झापा(प्रस) । नेकपा एमाले झापाको ११ औं अधिवेशनबाट प्रेमबहादुर गिरी अध्यक्षमा निर्विरोध चयन हुने भएका छन् ।
अर्का आकांक्षी शिव ढुंगेलले उम्मेदवारी नदिने भएपछि हाल कार्यवाहक अध्यक्ष रहेका गिरी अध्यक्षमा निर्विरोध निर्वाचित हुने भएका हुन् । हालका जिल्ला सचिव ढुंगेललाई प्रदेश कमिटीमा लैजाने सहमति भएको बताइएको छ । गिरीसंगै उपाध्यक्ष असारु राजवंशी , सचिव तुलसी कार्की, उप सचिव खगेन्द्र नेपाल र उप सचिव अनिता कन्दङ्वा पनि निर्विरोध हुन लागेको बताइएको छ । पार्टी अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेपछि बिहीवार साँझबाट निर्वाचन कार्यक्रम संचालन गरिएको छ । बिहीवार बेलुका ६ बजे मतदाता नामावली प्रकाशन गरिएको थियो । शनिवार बिहान १०.३० बजेदेखि दिउँसो ३ बजेसम्म उम्मेदवारी दर्ताको समय तोकिएको छ । जिल्ला अधिवेशनबाट १५० सदस्यीय कमिटी बन्ने बताइएको छ । पालिकाबाट ४३० , जनसङ्गठनहरूबाट ८९ , मजदुरबाट ३० , सल्लाहकारहरू २५ , सम्पर्क मञ्चबाट पाँच र आयोजक १६९ जना एवम् मनोनित प्रतिनिधिहरू ३८ जना गरी ७८६ जनाले अधिवेशनमा भाग लिएको जिल्ला कमिटीले जनाएको छ ।

# बेकरी व्यवसायीको गुनासै–गुनासा



झापा(प्रस) । झापामा बेकरी उद्योग संकटमा रहेको व्यवसायीहरुले बताएका छन् ।

झापाको भद्रपुर-७ स्थित नवदुर्गा मन्दिरको सभाहलमा शुक्रबार आयोजित बेकरी उद्योग व्यवसायी संघ झापाको चौथो साधारणसभामा व्यवसायीहरुले त्यस्तो गुनासो गरेका हुन् ।
साधारणसभामा व्यवसायीहरुले झापामा खुला सीमाका कारण सस्तो भारतीय उत्पादन नेपाली बजारमा छ्याप्छ्याप्ती पाइने, विभिन्न कारणले नेपाली उत्पादनले भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेकोले झापाका बेकरी उद्योग संकटमा रहेको बताएका थिए ।
साधारणसभाको अध्यक्षता गरिरहेका संघका अध्यक्ष नरबहादुर गिरीले झापामा बेकरी उद्योग निकै अप्ठ्यारोमा रहेको भन्दै तीनै तहका सरकारले यो उद्योगको संरक्षणका लागि योजनाहरु ल्याउनुपर्ने बताए ।
साधारणसभाका प्रमुख अतिथि प्रेमप्रकाश सापकोटाले संघीय र प्रदेश सरकारको नीति अनुरुप बेकरी उद्योगी व्यवसायीको समस्या समाधान गर्न लागिपर्ने प्रतिबद्धता जनाए । उनले भारतबाट अवैध रुपमा आयात हुने बेकरी आइटम र दक्ष कामदार अभावको विषयमा अनुगमन र तालिम आयोजना गर्ने पनि बताए ।

कार्यक्रममा विशेष अतिथि झापा उद्योग संघका अध्यक्ष यमबहादुर श्रेष्ठले सरकारी नीतिका कारण मुलुक परनिर्भर बन्दै गएको बताए । उनले सरकारी नीति सुधारसँगै भ्रष्टाचार नियन्त्रण गर्न सके मात्र मुलुक समृद्ध हुने धारणा राखे ।

त्यस्तै, नेपाल चेम्बर अफ कमर्सका झापा अध्यक्ष ओमकृष्ण बिमलीले उद्योग खोल्नु उद्योगीका लागि दुर्भाग्यजस्तै बनेको गुनासो गरे । उद्योग खोल्नेदेखि सञ्चालन गर्नेसम्मका अनेक झन्झटले गर्दा नेपालको उद्योग-व्यवसाय फस्टाउन नसकेको उनको भनाइ थियो ।
कार्यक्रममा नवदुर्गा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष यादवप्रसाद पोखरेलले सरकारले उद्योगी-व्यवसायीमैत्री कानून ल्याउनुपर्नेमा जोड दिए । अधिवक्ता डम्बर वनले कानूनी जटिलताले गर्दा उद्योग,

❖ बाँकी तेस्रो पृष्ठमा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-८, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि. हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# चौथो वडाध्यक्ष टोलस्तरीय फुटबल प्रतियोगिता शुरु



बिर्तामोड(प्रस)। फुटबलको उर्वरभूमि बिर्तामोड १० सैनिकबजारमा चौथो संस्करणको वडाध्यक्ष टोलस्तरीय फुटबल प्रतियोगिता शुक्रवारदेखि शुरु भएको छ । बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईले प्रतियोगिताको उद्घाटन गरिन् । महेन्द्रज्योति माध्यमिक विद्यालयको खेलमैदानमा संचालन भइरहेको प्रतियोगिताको उद्घाटन खेलमा नमुना टोल विजयी भएको छ । नमुना टोलले सैनिक क्याम्प+ ठुटेबर + विराट टोलको संयुक्त टीमलाई ४-२ को गोल अन्तरले पराजित गरेको हो । मध्यान्तरसम्म २-० ले पछि रहेको नमुना टोलले दोस्रो हाफमा स्थिति उल्ट्याउँदै ४-२ को नतिजासहित विजय हासिल गरेको हो । नमुना टोलका तर्फबाट पवन गुरुङ, विकेस लिम्बू, राजकुमार कन्दङ्वा र सिमन लिम्बूले गोल गरे । ती चारैजना खेलाडीहरुले खेलको उत्तरार्द्धमा गोल गरेका थिए । त्यस्तै खेलको पूर्वार्द्धमा सैनिक क्याम्प+ ठुटेबर + विराट टोलका तर्फबाट दिपेश श्रेष्ठ र शक्ति लिम्बूले दुई गोल गरी टीमलाई अग्रता दिलाएपनि जीत दिलाउन सकेनन् । शुक्रवारको खेलमा विजेता टोलीका विकेस लिम्बू म्यान अफ द म्याच घोषित भए । प्रतियोगितामा १० वटा टीमको सहभागिता रहेको आयोजक वडा खेलकुद विकास समितिका अध्यक्ष सुरेन तुम्रोकले बताए । प्रतियोगिताको विजेताले नगद रु ३१ हजार प्राप्त गर्नेछ भने उपविजेता रु २१ हजार प्राप्त गर्नुका साथै दुवै टिमलाई मेडल, ट्रफी र सम्मानपत्रले सम्मान गरिनेछ । प्रतियोगिताको प्रत्येक खेलको म्यान अफ द म्याच खेलाडीले रु.१हजार साथै प्रतियोगिताभरिकै उत्कृष्ट गोलरक्षक,उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट डिफेन्स र उत्कृष्ट फरवार्डले नगद रु. २ हजारका दरले प्राप्त गर्नेछन् । त्यसैगरी प्रतियोगिताको सर्वाधिक गोल गर्ने खेलाडी, राईजिङ प्लेयर र उत्कृष्ट टिम कोचले समेत नगद रु. २ हजारका दरले पुरस्कार प्राप्त गर्नेछन् । शनिवारको खेलमा चमरधाम + इलामेली टोलविरुद्ध गौरव टोल + भूतेनी टोलले प्रतिष्पर्धा गर्ने वडा खेलकुद विकास समितिका उपाध्यक्ष खड्गबहादुर गुरुङले जानकारी दिए ।

# शिवसताक्षीका ढकालको माईखोलामा डुबेर मृत्यु



झापा(प्रस) । इलामको माई नगरपालिका-२ चेप्टीस्थित माईखोलामा डुबेर एक युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा झापा शिवसताक्षी नगरपालिका वडा नम्बर-४ लालपानीका २१ बर्षीय मुकेश ढकाल रहेको लोदिया प्रहरी चौकी दानाबारीका इन्चार्ज प्रहरी वरिष्ठ नायब निरीक्षक कैलाशकुमार केसीले जानकारी दिए । झापाबाट तीनवटा मोटरसाइकलमा हेप्पी ड्रिम्स चेप्टी घुम्न गएका ढकालसहित उनका सानिमा, मामा र फुपूका छोराहरु चेप्टीनजिकै रहेको माईखोलामा पौडी खेल्न गएका थिए। साथीहरुसंग छुटेर पौडी खेल्न गएका ढकाललाई अपरान्ह १२ बजे माईखोलाको दहमा मृत अवस्थामा फेला पारिएको थियो। ढकाल भारतमा पढ्दै आएका थिए । उनी केही दिनअघि झापा घर आएका थिए। मृतक ढकालका बुवा भारत र आमा दुवईमा रोजगारीमा रहेका छन् । ढकालको शवलाई प्रहरी र स्थानीयवासीको सहयोगमा दहबाट निकालेर पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर लगिएको प्रहरीले जनाएको छ।

# भारतमा ट्याक्सी दुर्घटना हुँदा दशको मृत्यु

एजेन्सी । भारतको जम्मु र श्रीनगर राष्ट्रिय राजमार्गमा पर्ने गहिरो खोलामा शुक्रबार यात्रुबाहक ट्याक्सी खस्दा दश जनाको मृत्यु भएको छ । संघीय मन्त्री जितेन्द्र सिंहले सडक दुर्घटनाको सूचनापछि रामवनका उपआयुक्त बसीर-उल-हकसँग कुरा गरेको र आफू निरन्तर सम्पर्कमा रहेको बताएका छन् । उनले रामवन क्षेत्रमा भएको दुर्घटनाबाट आफू दुःखित भएको बताउँदै शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गरेका छन् । प्रहरी, राज्य विपद प्रतिक्रिया बल र नागरिक द्रुत प्रतिक्रिया टोलीले संयुक्त उद्धार गरेका थिए ।

# महागुरुको शालिक तोडफोडको विरोध

दमक(प्रस) । किरात धर्म तथा साहित्य उत्थान संघ र किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना गुरु केन्द्रीय समितिले पाँचथरको सिलौटीमा अवस्थित महागुरु फाल्गुनन्द लिङ्देनको समाधिस्थलसंगै शालिक राख्ने कार्यमा भइरहेको अनर्गल प्रचारवाजीप्रति गंभीर ध्यानाकर्षण भएको जनाएको छ ।

दुवै संस्थाले शुक्रवार दमकमा पत्रकार सम्मेलन गरी सिलौटीमा रहेको राष्ट्रिय विभूति महागुरुको समाधिस्थल तोडफोड नगरी आफ्नै जमिनमा शालिक राख्ने कार्यले त्यहाँको धार्मिक पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने स्पष्ट पारेको छ ।

किरात धर्म सत्यहाङमा सेवा संघ केन्द्रीय कार्यालय इलामले गत चैत १० गते दमकमा पत्रकार सम्मेलन गरी किरात धर्मसम्बन्धी गलत प्रचार गरेकोमा आपत्ति जनाउँदै दुवै संस्थाले त्यस्तो धारणा सार्वजनिक गरेका हुन् । यसअघि बिहीवार मात्र दुवै संस्थाले इलाममा पत्रकार सम्मेलन गरी संस्थागत धारणा सार्वजनिक गरेका थिए ।

किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा समितिका अध्यक्ष केहेरसिंह योङहाङले महागुरुसँग सम्बन्धित विषयलाई सत्य तथ्य तोडमोड गरि किरात धर्मावलम्बीहरुलाई भ्रमित बनाउने कार्य ठिक नभएको बताए । महागुरुको महान उद्देश्य विश्व शान्ति तथा मानव एकता कायम गर्नु नै भएको भन्दै उनले त्यसै कार्यअन्तर्गत हालसम्म देशैभरि १०२ वटा माङहिम , ३३ वटा महागुरुको शालिक स्थापना भइसकेको बताए । सिलौटीमा त्यसै अनुसार शालिक राख्ने कार्य भएकोमा त्यसो हुन नदिन कथित किरात धर्म सत्यहाङमा सेवा संघले अवरोध पुर्याएको उनको आरोप थियो । उनका अनुसार आफूहरुलाई शालिक राख्न सो समूहबाट अवरोध मात्र नभएर सशस्त्र प्रतिरोध गर्नेदेखि गुरु आत्मानन्दमाथि मुद्धा चलाउने सम्मका हर्कत भएको छ । उनले भने, -'यो शोभनीय हुँदै होइन, यस्तो कार्यले सिंगो किरात धर्ममाथि चोट पुर्याएको छ ।' उनले आफूहरुमाथि उल्टै अनर्गल मुद्धा लगाएर दुःख दिएपनि यसबारे प्रशासन गंभीर नभएको आरोप लगाए । यो विषयमा प्रशासनले तदारुकता देखाउनु पर्ने उनको माग छ ।

चोत्लुङका अध्यक्ष योङहाङ र किरात धर्म तथा साहित्य उत्थान संघका कार्यवाहक अध्यक्ष प्रेमकुमार सिप्तुङखाद्वारा जारी विज्ञप्तिमा लेखिएको छ 'इलामको चुलाचुली हात्तिलेदामा छुट्टै माङहिम बनाई आफ्नै डिजाइनमा गुरु खोज्ने र राख्ने क्रम सुरु गरिएको सो संस्थाको हैसियत हामीमाझ घामझैं छर्लङ्ग छ । यसरी गुरु खोजेर राख्ने क्रममा ज्योतिनन्द, विद्यानन्द हुँदै फुङलिङ ज्योतिदेखि प्रभुदासी हुँदै ओमनन्दसम्म र मिनु कैलाशदेखि देउबहादुर तुम्बापोसम्मलाई गुरु बनाउने र हटाउने कार्य गरेको देखिन्छ । साथै केही गुरुको घोर अपमानसमेत गरेको विभिन्न घटना परिघटनाले समेत महागुरुको सच्चा अनुयायी हुनै नसक्ने पुष्टि हुन्छ ।'

पत्रकार सम्मेलनमा संघका कावा अध्यक्ष सिप्तुङखा, किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना गुरु केन्द्रीय सचिव शक्तिकुमार साँवा, गुरु आत्मानन्द लिङ्देनका कानुनी सल्लाहकार भिम खत्रीलगायतले किरात धर्मका महागुरु फाल्गुनन्दको समाधिस्थलमा शालिक राख्ने कार्यमा भएको भ्रम तथा हुलहुज्जतको आक्रमणले असुरक्षा पैदा गरेको उल्लेख गरेका थिए । उनीहरुले सामुदायिक वन,फाल्गुनन्द गाउँपालिका ,फिदिम नगरपालिकालगायतका सरोकारवाला पक्षहरुसंग सहकार्य गरि कार्य शुरु गरेको भएपनि सो समूहको उदण्ड हर्कतले शालिक तोडफोड , झण्डा च्यात्ने कार्यले सिंगो किरात धर्मावलम्बीहरुलाई चोट पुगेको उल्लेख गरे ।

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**प्रदेश नं. १, प्रादेशिक कार्यालय,बिराटनगर**
**अनारमनी वितरण केन्द्र**

फोनः
०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्यूज सेवा)

## विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना

उपरोक्त सम्बन्धमा दुहबी ग्रिडको सूचना अनुसार 132/33/11 kV पाडाजुङ्गी स्विचयार्डमा मर्मत कार्य गर्दा दुहबी 132 kV सटडाउन हुने भएकाले शनिवार बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म यस अनारमनी वितरण केन्द्र अन्तर्गतका सम्पूर्ण स्थानहरुमा विद्युत अबरुद्ध हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।
तोकिएको समय अगावै मर्मत कार्य सम्पन्न भएमा सोही अनुसार लाइन सुचारु हुने व्यहोरा अनुरोध छ । विद्युत अबरुद्ध भई पर्न गएको असुविधाप्रति नेपाल विद्युत प्राधिकरण क्षमाप्रार्थी छ ।
पुनश्चः
सटडाउन हुने मिति तथा : शनिवार बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म
लाइन अबरुद्ध हुने स्थानः यस अनारमनी वितरण केन्द्र अन्तर्गतका सम्पूर्ण स्थानहरु

– नेपाल विद्युत प्राधिकरण
अनारमनी वितरण केन्द्र

**शिवसताक्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ब्याङ्गडाडा, झापा**
**प्रथम पटक प्रकाशित मिति २०८०-१२-१६**

## आन्तरिक आय संकलनको लागि सिलबन्दी दरभाउपत्र प्रस्ताव आब्हान सम्बन्धी सुचना

स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्थाअनुसार शिवसताक्षी नगरपालिका वडा नं. १० दोमुखामा रहेको स्वीमिङ्ग पुल र चिल्ड्रेन पार्कको प्रति वर्ष न्युनतम अंक रु. ५,०२,०००।– (पाँच लाख दुई हजार मात्र) नघटाइ आ.व. २०८०/०८१ र २०८१/०८२ वर्ष २(दुई) को लागि तोकिएको शर्तमा ठेक्का लिन चाहने इच्छुक फर्म वा सस्थाले रितपुर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

**ठेक्का सम्बन्धी विवरण**

- इच्छुक योग्यता पुगेका दरभाउपत्र दाताहरुबाट सुचना प्रकाशन मितिले ७(सातौं) औ दिन सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि यस कार्यालयको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, शिवसताक्षी शाखामा रहेको २९६०१४००००००१७ GA 1.1 मा रु १,०००।०० (अक्षेरपी रु एक हजार मात्र) जम्मा गरी वा नगदै बुझाइ नगदी रसिदका साथ फर्म/संस्था दर्ता (नविकरण भएको) प्रमाणपत्र, स्थायी लेखा नंबर वा मु.अ.कर दर्ता प्रमाणपत्र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी दरभाउपत्र यस कार्यालयबाटै खरिद गर्न सकिने छ ।
- ठेक्काको कबोल अंक नगरपालिकाले उपलव्ध गराएको फाराममा अंकमा र अक्षरमा स्पष्ट उल्लेख गरी दरभाउपत्र दाताले नाम ठेगाना लेखी सही छाप गरी सिलवन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले कार्यालय समय भित्र ७औ दिन सम्म ठेक्का फाराम खरिद गर्न सकिने छ र ८ (सोह्रौ) दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ र सोहि दिनको २:०० वजे खोलिने छ । शिलबन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन उल्लेखित समयमा दर्ता र खोलिने छ ।
- शिलबन्दी दरभाउत्रका साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत यस कार्यालयको नाममा नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, शिवसताक्षी शाखामा रहेको धरौटी खाता न २९६०१४००००००४८GA3.1 मा नगदै जम्मा गरी सक्कलै भौचर वा ७५ (पचहत्तर) दिनको म्याद भएको मान्यताप्राप्त (क) वर्गको वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल विड बण्ड (बैक ग्यारेन्टी) शिलबन्दि दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ ।
- कबोल अंकको रकम सम्झौता गर्दा २ वर्षको एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत रकम छुट दिइने छ ।
- किस्ताबन्दी रुपमा रकम बुझाउने भए कबोल अंकको ५० प्रतिशत पहिलो किस्ता वापत रकम सम्झौता गर्न अगावै बुझाउनु पर्नेछ । बाँकी ५० प्रतिशत रकम ठेक्का सम्झौता भएको ५ महिना भित्र अनिवार्य वुझाउनु पर्नेछ ।
- सम्पूर्ण रकम एक मुष्ट नबुझाएमा दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्न आउँदा बुझाउन बाँकी रकम बराबरको जमानत बापत रकम नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकबाट सम्झौता अवधिसम्मको यस नगरपालिकाको नाममा जारी भएको विड बण्ड (बैंक ग्यारेण्टी) सम्झौता गर्नुपूर्व पेश गर्नु पर्नेछ ।
- नगरपालिकाले २ वर्ष पछि सम्झौता भएको पक्षसँग वार्ता गरी थप समयको ठेक्का अवधि बढाउन सक्नेछ।
- यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

| सुचना प्रशाशन मिति | न्युनतम ठेक्का अंक (आब २०८०/०८१ र २०८१/०८२) (भ्याट वाहेक) | ठेक्का फारम खरिद गर्ने अन्तिम दिन (सातौं दिन) | ठेक्का प्रस्ताव पेश गर्ने अन्तिम दिन (आठौं दिन) | कैफियत |
|---|---|---|---|---|
| २०८०-१२-१६ | ५,०२,०००।– | २०८०-१२-२२ (कार्यलय खुल्ने समय भित्र) | २०८०-१२-२३ (दिनको ठीक १२:०० बजे सम्म) | |

(अमृत बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत


बिर्तामोड नगर अस्पताल

उपलब्ध सेवाहरू

बाल रोग विशेषज्ञ सेवा
शनिबार बाहेक हरेक दिन
बिहान १० बजेदेखि १२ बजेसम्म

नि:शुल्क नर्मल डेलिभरी सेवा
(प्रसूति सेवा)
हरेक दिन, २४ सै घण्टा

मानसिक, नसा तथा टाउको रोग विशेषज्ञ
दैनिक १२ बजेदेखि २ बजेसम्म

स्त्री तथा प्रसूति रोग विशेष
दैनिक १ बजेदेखि ४ बजेसम्म

- भिडियो एक्स-रे
- एक्स-रे
- इसीजी
- २४ घण्टे इमरजेन्सी सेवा (सञ्चालनको तयारीमा)
- डाइलोसिस सेवा (सञ्चालनको तयारीमा)
- गर्भवती जाँच सेवा
- रेविजविरुद्ध भ्याक्सिन
- परिवार नियोजन सेवा
- पाठेघरको मुखको क्यान्सर जाँच
- नि:शुल्क सुरक्षित गर्भपतन सेवा
- बच्चाहरुमा हुने कुपोषण जाँच तथा व्यवस्थापन
- नसर्ने रोगको जाँच
- किटजन्य कोभिडको निशुल्क जाँच
- खोप कार्यक्रम
- निरोगिता प्रमाणपत्र दिने

नेपाल सरकारबाट तोकिएका ९८ प्रकारका औषधिको नि:शुल्क वितरण, विशेषज्ञ डाक्टरबाट दैनिक ओपीडी तथा परामर्श सेवा उपलब्ध छ ।

बिर्तामोड नगर अस्पतालमा स्वास्थ्य बीमा सेवा सञ्चालनमा छ ।




## सम्पादकीय

# बेलैमा तयारी गर

नेपालमा बर्खामा बिजुली धेरै हुन्छ । हिउँदमा थोरै हुन्छ । त्यही भएर बर्खाको बिजुली भारतलाई बेच्छ प्राधिकरण । भारतमा भने उल्टो छ– हिउँदमा बिजुली धेरै उत्पादन हुन्छ, बर्खामा थोरै । उता हिउँदमा धेरै भएका बेला यता नेपालतिर आयात गर्न दुई देशबीच ५ वर्षे सम्झौता छ । जसको प्रत्येक वर्ष नवीकरणचाहिँ गर्नुपर्छ । शनिबारसम्म नवीकरणको वार्षिक अन्तिम म्याद भए पनि नवीकरणको अन्योलले यता लोडसेडिङको जोखिम देखिन्छ । नेपालमा अहिले १८ सय मेगावाट बिजुलीको माग छ । तर, एकतिहाइभन्दा बढी अपुग हुन्छ । त्यही पूर्तिका लागि भारतको भर पर्नु परिरहेको छ । नेपालमा जलविद्युत्को अपार सम्भावना हुँदाहुँदै अझै पनि बिजुलीमा भारतको भर पर्नु बिडम्बना हो । जब कि नेपालमा १० वर्षमा १० हजार मेगावाट बिजुली भारतलाई बेच्ने सम्झौता पनि गरेको छ । तर, उत्पादनको तयारीचाहिँ देखिन्न । निर्माणाधीन आयोजनाहरू पूरा भए पनि त्यतिका परिणामको उत्पादन हुँदैन । बरु बूढीगण्डकी जस्ता १२ सय मेगावाटका ठूला आयोजना निर्माणमा अहिल्यैदेखि सुरुआत गर्ने हो भने आन्तरिक र बाह्य बजारमा बिजुली खपत गराउन सकिन्छ ।

ठूला आयोजनाहरू धमाधम निर्माण गरेर उत्पादनलाई आन्तरिक र बाह्य बजारमा बिक्री गर्न सकिन्छ । नेपालमै घरायसी प्रयोगको मागसमेत पूरा गर्न अहिले कठिन भइरहेको छ भने उद्योगधन्दा खुल्न र चल्न आवश्यक बिजुली अपुग हुन दुःखद हो । ऊर्जाबिना कुनै उद्योगधन्दा चल्न सम्भव हुँदैन । नयाँ लगानी भित्रन बाधक तत्व भनेको ऊर्जा हुनु र त्यो पनि जलस्रोतको धनी देशमा । सरकारमा बस्नेहरूले यति र उति मेगावाट बिजुली उत्पादन गर्ने भनेर घोषणाचाहिँ गरिरहन्छन् तर काम भने गर्दैनन् । त्यसैको परिणाम नै लोडसेडिङको जोखिम निम्तनु हो । अहिलेलाई बिजुली किन्ने सम्झौता नवीकरण हुनु अल्पकालीन समाधान मात्रै हुन्छ । यसले दिगो समाधान दिँदैन । नभए तत्काल निम्तने लोडसेडिङ हो । तर नेपालले दीर्घकालीन समाधानको बाटो नपक्डिए यस्तो जोखिम सधैं भइरहन्छ । बिजुलीको लोडसेडिङले फेरि नेपाली अर्थतन्त्रलाई झन्–झन् ओरालो लैजाने निश्चित हुन्छ । यसैले लोडसेडिङ हुन नदिनेगरी सरकारले तयारी गरोस् ।

Pratidin National Daily प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# संघीयतामा कर्मचारीतन्त्र



• डा. ठाकुरप्रसाद भट्ट

आर्थिक विकास सदैवको महत्वपूर्ण विषय हुँदाहुँदै पनि केही यथार्थता र केही अतिरञ्जनाको परिवेशमा उत्पन्न निराशा र लम्बिँदो आर्थिक मन्दीका कारण यतिखेर सर्वाधिक चासो एवं चुनौतीको विषय बनेको छ । सबैखाले विकासका लागि सुशासन महत्वपूर्ण र अपरिहार्य छ । यो सरकारले खास गरी प्रधानमन्त्रीबाट हरेक वक्तव्य र निर्देशनमा सुशासनलाई उच्च प्राथमिकता दिएर केही महत्वपूर्ण सुधारका पाइला चालिएको अवस्थामा आमजनतामा केही आशाको सञ्चार भएको छ । तथापि यही तवरमा आर्थिक पक्षमा सुशासनको अपेक्षित प्रभाव देखिन बाँकी छ ।

विगतमा जे जस्तो अवस्थामा भए पनि चलिरहेको आर्थिक विकासका गतिविधि सुशासनको कदमबाट नयाँ तवरमा सञ्चालन गर्नुपर्ने आवश्यकता सिर्जना भएको छ । अर्थात् सराकारी होस् वा निजी क्षेत्र वा सहकारी वा राष्ट्र बैङ्क जस्ता नियामक निकाय सबैले वर्तमान परिस्थितिको इमानदारीपूर्वक वस्तुनिष्ठ समीक्षा गरी आर्थिक विकासका आआफ्ना नीति र गतिविधिलाई सुशासनको मान्यता अनुरूप सञ्चालन गर्नुपर्ने छ । सरकारको अभिभावकीय भूमिका रहे पनि एउटा क्षेत्रले अर्कोलाई दोष देखाएर मात्र समस्याको समाधान निस्कँदैन भन्ने तथ्य सबैले बुझ्न जरुरी छ । सबै क्षेत्रको साझा बुझाइ, समन्वय र प्रयासबिना आर्थिक विकास जस्तो बहुआयामिक विषयमा प्रगति हासिल गर्न कठिन हुन्छ ।

अबको आवश्यकता भर्खरै बन्न लागेको सुशासनको सकारात्मक जगमा आर्थिक विकासका पक्षलाई तादम्यता गरी सुधार गर्नु जरुरी छ । बहुआयामिक पक्षमा प्रभाव पर्ने आर्थिक विकासको विषय केही र आंशिक तवरमा गरिने प्रयासबाट हल हुन सक्दैन । यसका लागि सर्वाङ्गीण सोच र प्रयासको खाँचो रहन्छ । समस्याको गहिराइमा पुगेर खोज अनुसन्धान गर्ने र व्यापक परामर्शबाट समस्याको समाधानभन्दा अल्पकालीन सोच, एकाङ्की उपाय र लोकप्रियतावादी काम हाम्रो शैली बनिरहेको छ । तथापि वर्तमानको निराशा र अन्योलको अवस्थाले यो शैलीलाई बदल्नु पर्ने बाध्यता आएको कुरा सबैलाई महसुस हुँदै गएको छ । यो कुरा हालै सरकारमा सहभागी दलको साझा सङ्कल्पले प्रस्ट पारेको छ । अब यसमा प्रमुख प्रतिपक्ष र अन्य सरकारमा सहभागी नभएका दलको पनि प्रतिबद्धताको खाँचो छ । पुरानो चालाले देश बन्नेवाला छैन र प्रतिपक्ष भनेर उम्किने ठाउँ पनि अब कसैलाई नरहला ! यद्यपि जवाफदेहिता मूलतः सरकारकै हो भने यसको हिस्सा सबैमा जान्छ जुन कुराको मूल्याङ्कन जनता र समाजले गरिरहेकै हुन्छ ।

आर्थिक विकासलाई गति दिन धेरैथरि तत्वले प्रभाव पार्ने भए पनि नेपाल जस्तो विकासोन्मुख देशको हकमा विकास खर्च गर्न नसक्नु एक प्रमुख बाधाका रूपमा विगत लामो समयदेखि देखिँदै आएको छ । यसरी सरकारले आफ्नो पुँजीगत खर्च बढाउन नसक्दा अर्थतन्त्रमा सङ्कुचन आएको छ । हालको अवस्थामा यसो हुनुमा मुलुक सङ्घीय प्रणालीमा गइसकेपछि पनि विकासका काम, बजेट र खर्चलाई सङ्घीयता अनुरूप व्यवस्थापन गर्नु नसक्नु एक मूल कारण रहेको छ भने अर्को कारण कर्मचारीतन्त्रको अति कमजोर कार्यसम्पादन क्षमता रहेको छ । पहिलो कारणको विश्लेषण गर्दा सङ्घीयतामा पनि विकास बजेटको अधिक भार सङ्घमा थुपारिएको छ जुन कुरा सङ्घीयताको मर्म विपरीत त छँदै छ यसले गर्दा विकास बजेटको खर्च विकेन्द्रित भएर प्रदेश र स्थानीय तहमा जान पाएको छैन । एउटा दृष्टान्त, आर्थिक वर्ष २०७९।८० मा सङ्घको हिस्सा कुल बजेटमा ७६ प्रतिशत थियो भने प्रदेश र स्थानीयको केवल क्रमशः सात प्रतिशत र १७ प्रतिशत थियो । यो सङ्घीयताको मर्मको ठिक विपरीत छ । यस्तो अवस्थामा सङ्घबाट हुने खर्चमा न्यूनता रहने र अर्थतन्त्र चलायमान हुन नसक्ने समस्या आइरहेको छ । विकास खर्चको अधिकार प्रदेश र स्थानीय तहमा दिएर सङ्घले आर्थिक विकासका लागि आवश्यक नीति, प्रदेश र स्थानीय तहको क्षमता विकास र अनुगमनको जिम्मेवारी इमानदारीपूर्वक गर्ने हो भने विकेन्द्रित आर्थिक व्यवस्थापनले विकास खर्चमा सुधार आउने छ ।

अतः आर्थिक विकासलाई गति दिने हो भने विकास बजेटलाई विकेन्द्रित गरी सङ्घीयताको मर्म अनुरूप बाँडफाँट गर्नै पर्छ । उपयुक्त आकारका एकाइहरूमा नै कार्यान्वयनको दक्षता बढी हुन्छ भन्ने अर्थशास्त्रीय मान्यता छ भने सङ्घीय स्वरूपको विकेन्द्रीकरणलाई अङ्गीकार गर्नुको एउटा कारण यो पनि हो । आयोजनाहरू प्रदेश र स्थानीय तहमा अवस्थित छन् तर तिनको लागि बजेट र कार्यान्वयन अझै पनि सङ्घीय तहमातहात रहेको छ । यो कतिसम्म भएको छ भने एउटा वडाको सानो भागमा पर्ने योजना पनि सङ्घले हेरिरहेको छ । यस्तो योजनामा न अपनत्वको भावना सुनिश्चित हुन्छ न त कार्यान्वयन प्रभावकारी हुन्छ । विकास बजेटको यस्तो गलत बाँडफाँटले यसको खर्च न्यून रहनुमा भूमिका खेलिरहेको छ । तर पनि सस्तो लोकप्रियताको कारण र नैतिकता र जवाफदेहिताको अभावमा अझै पनि सङ्घीय मन्त्रालयहरूबाट टुक्रे योजनामा बजेट राख्ने प्रवृत्ति कायमै छ । अर्को तर्फ खर्च गर्न नसकेर आर्थिक वर्षको अन्त्यमा खासगरी सङ्घीय सरकारमा रकामान्तर गर्ने परिपाटी अझै कायम छ । यो विकासको प्रभावकारी खर्च गर्ने भन्दा दुरुपयोग गर्ने माध्यम बनेको छ । त्यसैले वित्तीय सङ्घीयतालाई चुस्त र स्पष्ट बनाएर जुन तहमा पर्ने योजना हो त्यही तहलाई विकास बजेट विनियोजन गर्ने र त्यसको खर्च गर्नका लागि उपयुक्त संयन्त्र र क्षमताको विकास गर्नु जरुरी छ । बरु प्रदेश र स्थानीय तहको क्षमता विकास र विकास खर्चको अनुगमनमा सङ्घले प्रदेश र स्थानीय तहलाई सहजीकरण गरेर संविधानले अङ्गीकार गरेको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई व्यवहारमा उतार्नु पर्छ ।

विकास बजेट खर्च गर्नमा रहेको न्यून क्षमताका कारणबाट भइरहेको मन्द गतिको आर्थिक विकासका पछाडि माथि चर्चा गरिएको सङ्घीयता र खास गरी वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वयन नहुनु सँगसँगै अर्को महत्वपूर्ण कारण परम्परागत गैरव्यावसायिक कर्मचारीतन्त्र हो । हामीकहाँ विभिन्न कालखण्डमा राजनीतिक परिवर्तन भए पनि कर्मचारीतन्त्रमा कुनै परिवर्तन र सुधार हुन सकिरहेको छैन । अझ सङ्घीय प्रणाली अङ्गीकार गरिसक्दा पनि सो अनुरूप कर्मचारीतन्त्रमा पुनर्संरचना हुन सकिरहेको छैन । त्यसैले पनि सङ्घमा नै विकास बजेट राख्ने र कर्मचारी पनि त्यहीँ नै बढी केन्द्रित भइरहेको छ । जसको कारण विकास बजेटको खर्च प्रभावकारी हुन सकिरहेको छैन । यसबाहेक मूल कुरा हाम्रो कर्मचारीतन्त्र आजको लोकतान्त्रिक युग अनुसार न जवाफदेही भएको छ न त सञ्चार तथा प्रविधिको युगमा दक्ष र व्यावसायिक नै हुन सकेको छ । खासमा रजनीतिक नेतृत्वमा कर्मचारीतन्त्रलाई आजको आवश्यकता अनुरूप सुधार र विकास गर्ने सोच र दृढताको अभाव देखिएको छ । परम्परागत रूपमै रहेको कर्मचारीतन्त्रले आफ्नो सुविधाका लागि गर्ने चाकरीमै राजनीतिक वृत्त भुलिरहेको प्रतित हुन्छ । त्यसमाथि दलीय राजनीतिमा कर्मचारी वर्ग पनि समाहित भएपछि राजनीतिक वृत्त र कर्मचारीतन्त्रमा खासै भिन्नता छैन । देश विकासका लागि परिचालन हुनुपर्ने साझा साधनका रूपमा रहनुपर्ने कर्मचारी तन्त्रमा यो दल र त्यो दलको निकट भनेर हर्ने र अभ्यास गर्ने प्रवृत्तिले यो संस्था लथालिङ्ग र भुत्ते भएको छ । यसको प्रत्यक्ष प्रभाव विकास खर्चको परिचालन र व्यवस्थापनमा देखिएको छ, जसको कारण आर्थिक विकासको गति न्यून र मन्द रहँदै आएको छ ।

हो, आर्थिक विकासका परिस्थितिको वस्तुनिष्ठ विश्लेषणका आधारमा आर्थिक, वित्तीय, मौद्रिक र अन्य क्षेत्रगत नीतिलाई सही रूपमा तर्जुमा गरी उपयुक्त वातावरण बनाउनु जरुरी त छ नै तर त्यो भन्दा पहिले सङ्घीयताको पूर्ण कार्यान्वयन र कर्मचारीतन्त्रलाई दक्ष र जवाफदेही बनाई परिचालन गर्नु अनिवार्य भएको छ ।

सङ्घीयतालाई संविधान अनुरूप अभ्यासमा लैजान ढिलाइ हुँदा धेरै किसिमका जटिलता र अन्योल उत्पन्न भएको छ । त्यसै गरी परम्परागत तवरकै कर्मचारीतन्त्र र उसको कार्यशैलीका कारण स्वीकृत वार्षिक योजना र बजेटको पनि प्रभावकारी कार्यान्वयन हुन नसकी आर्थिक विकासको गति मन्द भइरहेको छ । यस्तो अवस्था हरेक वर्ष दोहोरी रहनु, सरकारले कर्मचारीतन्त्रलाई नियमित सजग गराउँदा पनि अवस्थामा सुधार नआउनुले कर्मचारीतन्त्रमा पुनर्संरचना गर्न ढिला भइसकेको छ ।

हालको कर्मचारीतन्त्र परम्परागत, गैरव्यावासयिक र गैरजवाफदेही मात्र छैन यो हाम्रो सङ्घीय मोडेलमा पनि छैन । अन्तत यस्तो कमजोरीको अन्तर्यमा कर्मचारी वर्गभन्दा पनि राजनीतिक वृत्तमा समस्याको पहिचान गरी इमानदारीपूर्वक आर्थिक विकासका लागि सङ्घीयता शीघ्र र पूर्ण कार्यान्वयन गर्ने र कर्मचारीतन्त्रलाई दक्ष र जवाफदेही बनाउने सोच र प्रतिबद्धताको अभाव देखिन्छ । यही तथ्यलाई आत्मसात् नगरी माथिबाट आर्थिक विकासका नयाँ नयाँ नारा दिएर मात्र अवस्थामा सुधार आउन सक्दैन । तर्जुमाको क्रममा रहेको सोह्रौँ योजना र आगामी वार्षिक कार्यक्रम र बजेटले यो वास्तविकतालाई मनन गरी समाधानको सही बाटो पहिल्याउन जरुरी छ ।

# उपभोक्ता अदालतको माग



• डा. सुमनकुमार रेग्मी

हरेक नागरिकलाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार विद्यमान कानुनले प्रत्याभूत गरेको छ तर उपभोक्ता आफ्ना अधिकारमा सचेत देखिँदैनन् । नेपालको संविधान २०७२ र उपभोक्ता संरक्षण ऐन, २०७५ ले हरेक नागरिकका उपभोक्ता हकलाई प्रत्याभूत गरेको छ । उपभोक्ता अधिकारमा अब सचेतना बढाउँदै जानु आवश्यक छ ।

वस्तु तथा सेवाको मूल्यसूची नराख्ने, अद्यावधिक नगर्ने, उपभोक्ताले प्रस्ट देख्ने र बुझ्ने गरी नराख्ने, बिक्री बीजक नदिने, कारोबार रकमभन्दा कमको बीजक दिने, म्याद गुज्रेका वस्तु बिक्री गर्नेलगायत समस्या यस क्षेत्रमा छन् । त्यस्तै खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राख्ने, कतिपय वस्तुमा उल्लेख गरेभन्दा बढी रकम लिई बिक्री गर्ने, केरमेट गर्ने, सस्तोमा खरिद गरी महँगोमा बिक्री गर्नेलगायतका खराब काम पनि हुने गरेका छन् ।

देश सङ्घीय संरचनामा गएपछि बजार अनुगमन र उपभोक्ता सचेतनाका काम अब स्थानीय सरकारबाट सञ्चालन हुने छ । आव २०७४/७५ पछि २०८०/८१ सम्म पनि आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले गर्दै आएको यो काम अब स्थानीय सरकारले वडा, गाउँपालिका तथा नगरपालिका र महानगरपालिकाले गर्ने भएका छन् । बजारमा हुने कृत्रिम अभाव, कालाबजारी, कार्टेलिङ, मिसावट, तौलमा ठगीलगायतका समस्या नियन्त्रण गरी उपभोक्ता अधिकार सुरक्षित राख्नका लागि बजार अनुगमनसँगै सचेतना कार्यक्रम स्थानीय तथा प्रदेश सरकारबाट हुनेछन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वा गाउँ तथा नगरसभाबाट स्वीकृत कानुनमा व्यवस्था भएकोमा सोहीबमोजिम र प्रचलित कानुन जस्तै उपभोक्ता संरक्षण ऐन नियम, खाद्य ऐन नियम, औषधी बिक्री वितरणसम्बन्धी ऐन नियम, कालोबजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, मासु जाँच ऐनलगायतका अधीनमा रही बजार अनुगमनबाट दोषी पाइएका व्यवसायीमाथि कानुनी कारबाही र उचित दण्ड सजायको व्यवस्था अब प्रभावकारी रूपमा हुनु पर्छ ।

हरेक वर्ष उपत्यकामा बजार अनुगमन भए पनि जिल्ला जिल्लामा प्रभावकारी रूपमा अनुगमन हुन सकेका छैन । सङ्घीय संरचना अनुसार बजार अनुगमन, निरीक्षण, उपभोक्ता सचेतना कार्यक्रम सबै स्थानीय निकायको जिम्मेवारीमा पर्छ । हिजोका दिनमा बजार अनुगमन भए पनि उपभोक्ता ठग्ने व्यवसायीलाई कारबाही नहुँदा बजार नियन्त्रण र व्यवस्थित बन्न सकेको छैन । उपभोक्तासम्बन्धी धेरै ऐन नियम भए पनि कार्यान्वयनमा नआउँदा उपभोक्ता ठग्ने व्यवसायीले उन्मुक्ति पाउँदै आएको देखिन्छ । बजार अनुगमनका क्रममा कैफियत भेटिए पनि ठुलठुला व्यापारीलाई कारबाही नगरी उन्मुक्ति दिइएको पनि पाइन्छ ।

बजार अनुगमनलाई विशेष अभियानमार्फत तीव्र त बनाइयो तर उपभोक्ता ठग्ने व्यापारीलाई कारबाही नहुँदा उपभोक्ता निरास छन् । माथिको दबाब, पर्याप्त प्रमाणको अभाव, भित्री चलखेलले गर्दा पनि उपभोक्ता ठग्ने व्यापारीले छुटकारा पाउने गरेका छन् । छरिएर रहेका कानुनलाई एउटै छाताभित्र ल्याएर एउटै निकायबाट यससम्बन्धी कारबाही हुनु पर्छ । खाद्य ऐन, उपभोक्ता संरक्षण ऐन, कालोबजारी ऐनबाट छुटाछुट्टै विभागले काम गर्दै आएकोमा अब एउटै निकाय बनाएर यससम्बन्धी काम हुनु पर्छ । व्यवसाय सञ्चालनका लागि दर्ता, नवीकरणका लागि घरेलु तथा साना उद्योग कार्यालय, वाणिज्य विभागमा हुँदै आएकोमा स्थानीय सरकारले पनि अधिकार पाएका छन् । त्यसैले यससम्बन्धी कार्यमा स्थानीय निकाय अब सबभन्दा जिम्मेवार हुनु पर्छ ।

उपभोक्ताको स्वास्थ, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर कायम राख्न र मूल्यको अनियमिताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु सेवाको उत्पादनस्थल वा भन्सार बिन्दु, ढुवानी मार्ग, भण्डारण तथा सञ्चयस्थल, थोक तथा खुद्रा बिक्री स्थल र उपभोग स्थललगायतका स्थानमा वस्तु तथा सेवा प्रदायक वा बिक्रेताको व्यावसायिक कारोबारको दर्ता, नवीकरण सबै स्थानीय निकायबाट हुने छ । यस्तै दैनिक उपभोग्य वस्तुको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापनलगायतका व्यापारिक क्रियाकलाप नियमन गर्न तत्काल स्थानीय गाउँपालिका तथा नगरपालिकाबाट नियमित रूपमा गाउँपालिका तथा नगरपालिकाले प्रभावकारी बजार अनुगमन गर्न निर्देशिका तयार पारिएको छ ।

अब ७५३ स्थानीय निकायले बजार अनुगमनसँगै उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्ने छन् । बजार अनुगमनको क्रममा मिसावट, गुणस्तरहीन, कम तौलको सामान बिक्री गरेको तथ्य फेला परेमा तत्काल कारोबार बन्द गर्न सक्ने अधिकार स्थानीय निकायलाई प्रदान गरिएको छ । उद्यमी तथा व्यवसायीले गैरकानुनी क्रियाकलाप गरेको तथ्य पाइएमा स्थानीय निकायले कारोबार नै बन्दसमेत गर्न सक्छन् ।

स्थानीय निकायले अनुगमन गर्ने वस्तु तथा सेवाहरूमा होटल, लज, रेस्टुराँ, खाजाघर, शैक्षिक सामग्री, निर्माण सामग्री, इन्धन, कृषिऔजार, खाद्यान्न, माछा, मासु, तरकारी, दैनिक उपभोग्य वस्तु, औषधी, स्वास्थ सेवा, रासायनिक मल, विषादी, बिउबिजनलगायत क्षेत्र छन् ।

नयाँ व्यवस्था अनुसार स्थानीय निकायले वस्तु मिसावट र गुणस्तरहीन भएमा, कम तौल भएको पाइएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्न सक्छ । गाउँ वा नगरपालिकाबाट गरिने अनुगमन निर्देशिका अनुसार बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको ठाउँको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्छ । जाँचपडतालबाट वस्तु वा सेवाको बिक्री वितरणमा नाजायज कार्य गरेको भेटिए आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुका उपयोग वा बिक्री वितरणमा रोक लगाउन सक्छ । अनुगमन टोलीले वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापनका व्यापारिक कार्य अनुगमन गर्ने, कालोबजारी, एकाधिकार, मिलोमतोपूर्ण भाउ निर्धारण, कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैरप्रतिस्पर्धी व्यापारिक कार्य भए नभएको पनि अनुगमन गर्ने छ । यस्ता कार्य गरेको पाइएमा कारबाही गर्ने छ ।

बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार बनाउन प्रचलित कानुनको कार्यान्वयमा जोड दिने, उपभोक्ता शिक्षासम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना बनाई उपभोक्ता हित संरक्षणको कुरालाई विशेष प्राथमिकतामा लिइने निर्देशिकामा उल्लेख गरिएको छ । उपभोक्ताको स्वास्थ, सुविधा र आर्थिक हित राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर कायम राख्न निर्देशिकामा उल्लेख छ । साथै मूल्यको अनियमिताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न व्यावसायिक कारोबार दर्ता, आपूर्ति, गुणस्तरलगायत कार्य नियमनमा पनि स्थानीय निकायले अब प्रभावकारी भएर कार्य गर्ने छ ।

उपत्यकामा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, नापतौल विभागले पनि अनुगमन गर्छ । जिल्लाका हकमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा विभागका प्रतिनिधि, स्थानीय निकायका टोलीबाट अनुगमन गर्ने प्रावधान निर्देशिकामा उल्लेख छ । निर्देशिका अनुसार गाउँपालिका र नगरपालिकाका उपाध्यक्ष र उपप्रमुखको संयोजकत्वमा उपभोक्ता हित संरक्षण समिति गठन गरी कार्य अगाडि बढाइने छ ।

बजारका समस्या समाधानका लागि कानुनी व्यवस्था गरिएको भए पनि नियामकबाट त्यसको कार्यान्वयनमा देखिएको हिजोको जस्तो सुस्तता अब हुनु भएन । उपभोक्ता पनि आफैँ सचेत हुनु पऱ्यो । स्वच्छ र प्रतिस्पर्धी बजार कसरी बनाउने भनेर विभिन्न निकाय तथा सरोकारवालाबिच समन्वय हुनु पर्छ । बजार निगरानी र अनुगमन गर्नु चुनौतीपूर्ण कार्य हो । व्यापारीबाट उपभोक्ता ठगिएमा क्षति दिलाउन पनि ढिलाइ गर्नु हुँदैन । त्यसैले सबै स्थानीय तह र प्रदेश सरकारले नियमित रूपमा बजार अनुगमन गर्नु पर्छ । उपभोक्ता हित संरक्षण गर्न उपभोक्ता अदालतको गठन पनि छिटै हुनु पर्छ ।

# दुर्गापुरमा लिम्बूले ७ दिने भू-तपस्या गर्ने



झापा(प्रस) । मनोक्रान्ति साधक तिलक लिम्बूले ७ दिने भू-तपस्या गर्ने भएका छन् ।

झापाको कनकाई नगरपालिका ७ दुर्गापुरमा रहेको फक्ताङलुङ एजुकेशन फाउण्डेसनको प्राङ्गणमा लिम्बूले आज चैत १७ देखि जमिनमुनि बसेर भू-तपस्या गर्न लागेका हुन् ।

झापा कमल गाउँपालिका ७ का लिम्बू फक्ताङलुङ बिद्यालयमा योग प्रशिक्षकको रुपमा कार्यरत छन् । उनले स्कुलको खुला मैदानमा भू-तपस्या गर्ने बिर्तामोडमा पत्रकार भेटघाट गरी जानकारी दिएका छन् ।विकासानन्द फाउण्डेसन विश्व परिवार बराङ पोखरामा योग साधना सिकेका लिम्बूले आज चैत १७ गते ३ बजेदेखि चैत २३ गते दिउँसो ३ बजेसम्म निराहार भू-तपस्या गर्ने बताइएको छ । मानव जातिप्रति समर्पित आध्यात्मिक सन्देश 'संसारलाई बदल्नु छ, शुरु आफैबाट गर्नु छ' भन्ने मनोक्रान्ति अभियानको नारालाई जनमानसमा पुर्याउने उद्देश्यले भू-तपस्या गर्न लागेको साधक लिम्बूले बताए । ९ फिट गहिरो ९-९ फिट लम्बाइ र चौडाइको खाडलमा पुरिएर भू-तपस्या गरिने बताइएको छ । लिम्बूलाई भू-तपस्या बस्नको लागि विकासानन्द फाउण्डेसनले सहजीकरण गरिरहेको मनोक्रान्ति प्रमुख गजेन्द्रराज नेम्वाङले जानकारी दिए । भू-तपस्वी लिम्बूलाई मनोक्रान्ति गुरु डा. योगी विकासानन्दले जुस खुवाएपछि भू-तपस्या सम्पन्न हुने बताइएको छ ।

लिम्बूको भू-तपस्या सम्पन्न भएपछि त्यसको औचित्य, आवश्यकता, जीवन र जगतको रूपान्तरण विषयमा डा. विकासानन्दको विशेष प्रवचन रहने फक्ताङलुङ एजुकेशनका संस्थापक प्रिन्सिपल तथा मनोक्रान्ति साधक ओमबिक्रम नेम्वाङले जानकारी दिए । लिम्बूको तपस्यालाई फक्ताङ्लुङ एजुकेशनले सहयोग र सहजीकरण गर्ने नेम्वाङले बताए ।

# लोकतन्त्रवादी आदिबासी महासंघको प्रदेश अधिवेशन बिर्तामोडमा




बिर्तामोड(प्रस) । नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल लोकतन्त्रवादी आदिबासी/जनजाति महासंघको कोशी प्रदेश अधिवेशन यही चैत २६ र २७ गते झापाको बिर्तामोडमा हुने भएको छ । महासंघका केन्द्रीय सदस्य एवं कोशी प्रदेश संयोजक विश्वदिप लिङ्देनको अध्यक्षतामा नेपाली कांग्रेस झापाको कार्यालयमा शुक्रबार सम्पन्न कोशी प्रदेशस्तरीय बैठकले झापाको बिर्तामोडमा प्रदेश अधिवेशन गर्ने निर्णय गरेको हो । प्रदेशभित्रका १४ वटै जिल्लाका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागितामा सम्पन्न बैठकले अधिवेशनको तयारीका लागि विभिन्न उपसमितिहरु गठन गरेको छ ।

प्रदेश अधिवेशन तयारीका लागि संयोजक लिङ्देनको अध्यक्षतामा १०१ सदस्यीय अधिवेशन तयारी समिति गठन गरिएको छ । गठित समितिका सदस्यहरुमा कोशी प्रदेशका सबै केन्द्रीय सदस्यहरु, चौध जिल्लाका अध्यक्षहरु, क्षेत्रीय अध्यक्षहरु एवं ५६ वटा प्रदेशसभा क्षेत्रका क्षेत्रीय अध्यक्षहरु सदस्य रहनेछन् । बैठकले झापा अध्यक्ष दिलकुमार नेम्बाङको अध्यक्षतामा आर्थिक समिति गठन गरेको छ । गठित समितिको सदस्यमा नरेन्द्र लावती, रमेश इवाहाङ, पूर्णध्वज आङदेम्बे, राजेश श्रेष्ठ, लवकुमार चौधरी रहेका छन् ।

आवास तथा भोजन ब्यवस्थापनका लागि रामबहादुर मगरको नेतृत्वमा ५ सदस्यीय समिति गठन गरिएको छ । सदस्यहरुमा सञ्जीव प्रधान, विकास राई, दीर्घ मगर, जीवन तामाङ रहेका छन् । यसैगरी महासंघका झापा सचिव मोहन लिम्बूको नेतृत्वमा स्वयंसेवक परिचालन समिति गठन गरिएको छ भने प्रचार-प्रसार समितिको संयोजकमा सञ्जीव प्रधान चयन भएका छन् ।

महासंघका केन्द्रीय अध्यक्ष ओमबहादुर घर्तिमगरको प्रमुख आतिथ्यमा सम्पन्न बैठकमा केन्द्रीय सदस्यहरु बडाराम हेमरम, टेकबहादुर लिम्बू, पासाङ शेर्पा, रणबहादुर तावा, रमेश इवाहाङ, चन्द्र खालिङ, मोहन राजवंशीलगायतको आतिथ्य रहेको थियो ।

# झापाबाट ब्राउनसुगरसहित चारजना पक्राउ

झापा(प्रस)। झापाका विभिन्न स्थानबाट अवैध लागूऔषध ब्राउनसुगरसहित चारजनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट खटिएको प्रहरीले कन्काई नगरपालिका-४ बस्ने २३ वर्षीय सलिम आलमसहित दुईजनालाई कन्काई नगरपालिका-३ बाट अवैध ९ सय ७० मिलिग्राम ब्राउनसुगरसहित बिहीवार दिउँसो पक्राउ गरेको हो । यसैगरी सोही कार्यालयबाट खटिएको प्रहरीले शिवसताक्षी नगरपालिका-१० बस्ने २८ वर्षीय अजय बस्नेतलाई कन्काई नगरपालिका-५ बाट ३ ग्राम १ सय ८० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरेको हो ।

यसैगरी लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ साइकलमा आउँदै गरेका भारत ठाकुरगंज बस्ने ३२ वर्षीय मोहम्मद मुन्नालाई मेचीनगर नगरपालिका-६ मेची पुलबाट २ ग्राम ब्राउनसुगरसहित बिहीवार राति पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# सामुदायिक विद्यालयका छात्रालाई साइकल वितरण




झापा(प्रस) । झापाको गौरीगञ्ज गाउँपालिकाले छात्राहरुलाई साइकल वितरण गरेको छ । पढ्दापढ्दै बिचमा कक्षा छोड्नबाट रोक्नका लागि छात्राहरुलाई साइकल वितरण गरेको हो ।

गाउँपालिकाले वर्षेनि नीति तथा कार्यक्रममार्फत् सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरुलाई साइकल वितरण गर्दै आएको छ । छात्राहरुलाई शिक्षाप्रति पहुँच पुर्याउन र विद्यालय आवत जावतमा सहजता ल्याउनका लागि गौरीगञ्ज गाउँपालिका ६ स्थित खजुरगाछी माविमा कक्षा ९ मा अध्ययनरत ६६ जना छात्राहरुलाई साइकल वितरण गरिएको गाउँपालिका उपाध्यक्ष पुजन न्यौपाने कुँवरले बताइन् ।

पालिकाभित्र रहेका ४ वटा माध्यमिक विद्यालयका कक्षा ९ मा अध्ययनरत २३६ जना विद्यार्थीलाई साइकल वितरण गर्ने योजना अनुसार वितरण सुरु गरिएको गाउँपालिका अध्यक्ष फुलवती राजवंशीले बताइन् । यसले गर्दा बिचमा कक्षा छाड्ने क्रम पनि रोकिएको उनले जनाइन् ।

'पैदल हिंडेर एक गाउँबाट अर्को गाउँमा रहेको विद्यालयमा पढ्न जाँदा धेरै समय लाग्ने भएकाले बिचमा नै धेरैले पढाइ छाड्ने गरेका रहेछन्' राजवंशीले भनिन् । बाबु आमा अर्काकोमा मजदुरी गर्न जाने भएकाले आफै घरको काम सकेर छात्राहरुलाई विद्यालय जान ढिलो हुने हुँदा साइकलले समय बचत गराएको बताइएको छ ।

# एनएसजेएफ झापा स्पोर्टस अवार्ड चैत २९ मा

बिर्तामाड(प्रस)। नेपाल खेलकुद पत्रकार मञ्च झापाले प्रत्येक वर्ष आयोजना गर्दै आएको खेलकुद क्षेत्रको प्रतिष्ठित कार्यक्रम 'एनएसजेएफ झापा स्पोर्टस अवार्ड २०७९' यही चैत २९ गते बिहीबार हुने भएको छ । मञ्चले शुक्रबार बिर्तामोडमा पत्रकार सम्मेलन गरेर अवार्डबारे जानकारी दिएको हो ।

२०७३ सालदेखि मञ्चले निरन्तर आयोजना गर्दै आएको अवार्डको यो पाँचौं संस्करण हो । बिर्तामोडमा आयोजना हुने अवार्ड २०७९ सालभर उच्च प्रदर्शन गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका सफल खेलाडी र प्रशिक्षकलाई प्रदान गरिने मञ्चका सचिव तथा खेल प्रतिभा छनोट उपसमिति संयोजक चिरञ्जीवी घिमिरेले जानकारी दिए । अवार्ड फुटबलर स्वर्गीय आशिषविक्रम नेम्वाङको स्मृतिमा हुँदै आएको छ । कोशी प्रदेशमै पाँचौंपटक मञ्चको झापा समन्वय शाखाले अवार्ड कार्यक्रम गर्न लागेको हो । झापा जिल्लाका खेलाडी र प्रशिक्षकलाई अवार्ड प्रदान गरिनेछ ।

विगतका वर्षमा जस्तै यसपटक वर्षका उत्कृष्ट खेलाडी पुरुष, वर्षका उत्कृष्ट खेलाडी महिला, उत्कृष्ट युवा वर्ष खेलाडी, उत्कृष्ट वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, स्पेशल अचिभमेन्ट अवार्ड र लाइफटाइम एचिभमेन्ट अवार्ड गरी सात विधामा खेलाडी, प्रशिक्षक, पुराना खेलकर्मीलाई सम्मान गरिने मञ्चका अध्यक्ष इन्द्रजीत मुखियाले जानकारी दिए । यो वर्षदेखि एउटा विधा थप गरिएको मञ्चका पूर्वअध्यक्ष तथा कार्यक्रम संयोजक हिमाल खरेलले जानकारी दिए । पाँचौं संस्करणमा एकजना खेलकुद पत्रकारलाई




उत्कृष्ट खेलकुद पत्रकार अवार्ड समेत प्रदान गरिने उनले बताए ।

वर्ष खेलाडी महिला, पुरुष, युवा, प्रशिक्षक र पिपल्स च्वाइस अवार्डका लागि खेलाडीको मनोनयन सार्वजनिक गरिनेछ । यसका लागि मञ्चको खेलाडी छनोट समितिले आवश्यक तयारी सुरु गरिसकेको बताइएको छ ।

स्पेशल अचिभमेन्ट अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र उत्कृष्ट खेलकुद पत्रकार अवार्डको विजेता भने कार्यक्रमकै दिन घोषणा गरिनेछ ।

वर्ष खेलाडी पुरुष र महिला विजेतालाई नगद एक लाख, ट्रफी प्रदान गरिनेछ । युवा, प्रशिक्षक र पिपल्स च्वाइस र स्पेशल अवार्ड विधाका विजेतालाई जनही २५ हजार र लाइफटाइम एचिभमेन्ट अवार्ड विजेतालाई नगद ५० हजार रुपैयाँसहित विभिन्न गिफ्ट ह्याम्पर प्रदान गर्ने मञ्चले जनाएको छ ।

एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङले आफ्ना भाइ फुटबलर स्वर्गीय आशिषविक्रम नेम्वाङको स्मृतिमा मञ्चलाई एक लाख रुपैयाँ प्रदान गर्दै आएको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

त्यस्तै, सहारा अटोमोबाइल्स प्रालि र सहारा नेपाल बिर्तामोडले दुई लाख ५० हजार रुपैयाँ प्रदान गर्दै आएको छ ।

अवार्डलाई सफल बनाउन अध्यक्ष इन्द्रजीत मुखियाको संयोजकत्वमा मूल आयोजक समिति गठन गरिएको छ । मञ्चका सम्पूर्ण सदस्य मूल आयोजक समितिका सदस्य रहनेछन् । मञ्चका सचिव चिरञ्जीवी घिमिरेको संयोजकत्वमा खेल प्रतिभा छनोट समिति गठन गरिएको छ । सदस्यहरुमा पुष्प बराल र राजु पौडेल छन् ।

अवार्ड कार्यक्रमका लागि विभिन्न उपसमिति गठन गरिएको छ । उपाध्यक्ष प्रेम आचार्यको संयोजकत्वमा भूमिका सुब्बा र तीर्थ तिम्सिना सदस्य रहेको अतिथि सत्कार तथा स्वागत उपसमिति, कोषाध्यक्ष प्रकाश बानियाँको संयोजकत्वमा प्रेम आचार्य र तिलक योञ्जन सदस्य रहेको आर्थिक उपसमिति, सहसचिव भूमिका सुब्बाको संयोजकत्वमा रोहित काफ्ले र आयुश निरौला सदस्य रहेको मञ्च व्यवस्थापन उपसमिति र कार्यसमिति सदस्य तिलक योञ्जनको संयोजकत्वमा भारती राई, सौरभ मुखिया, नारायण अर्याल, विष्णु श्रेष्ठ र सौरभ सुनुवार सदस्य रहेको प्राविधिक उपसमिति गठन गरिएको संयोजक खरेलले जानकारी दिए ।

## बेकरी...

संस्थालगायतका दर्ता-खोल्न असहज परिस्थिति रहेको औंल्याउँदै सोको अन्त्य हुनुपर्ने बताए ।

साधारणसभामा संघका उपाध्यक्ष दिनेश अधिकारीले अध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए । संघले २०७९ सालदेखि गरेका गतिविधि, बेकरी व्यवसायमा देखापरेका चुनौती र संघको भावी रणनीतिका बारेमा जानकारी गराएका थिए ।

नेपाल गुणस्तर तथा नापतौल कार्यालय झापाका प्रतिनिधि विजय चौधरीलगायतको आतिथ्य रहेको कार्यक्रममा स्वागत मन्तव्य सदस्य सन्देश पौडेलले गरेका थिए भने सञ्चालन सदस्य भीमा शिवाकोटीले गरेकी थिइन् ।

साधारणसभासँगै भएको दोस्रो अधिवेशनले आगामी दुईवर्षे कार्यकालका लागि सुमन चिमरियाको नेतृत्वमा नौ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । नवनिर्वाचित संघको उपाध्यक्षमा रमेशकुमार राजवंशी, सचिवमा दिनेश अधिकारी, कोषाध्यक्षमा नेत्र सोनी तथा सदस्यमा सागर दाहाल, राजु ढकाल, सन्देश पौडेल, कल्पना राजवंशी र गणेश घोष चयन भएका छन् । नवनिर्वाचित कार्यसमितिले दुईजना सदस्य मनोनयन गर्ने जनाइएको छ ।


खगेन्द्र पोखरेलको संयोजकत्वमा प्रेम श्रेष्ठ, हरि राजवंशी, कञ्चन दास र शिव कार्की सदस्य रहेको निर्वाचन समितिले नयाँ नेतृत्व चयनका लागि भूमिका निर्वाह गरेको थियो ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3, BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।